बारा जिल्लाको प्रसौनीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# बेमौसमी तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३७ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ पौष १० गतेदेखि १२ गतेसम्म बारा जिल्लाको प्रसौनीमा "बेमौसमी तरकारी खेती तालिम" सम्पन्न गरेको संस्थाका प्रसौनी शाखा कार्यालयका शाखा प्रमुख नन्दुनाथ कवंर योगीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु शिव कुमार यादव, युगेश्वर महतो, रामभगत महतो, रुप नारायण महतो रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत हरेराम राउतले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको प्रसौनी शाखाका प्रमुख नन्दुनाथ कवंर योगीले प्रकाश पारेका थिए ।

तालिममा सहभागीहरुले बेमौसमी तरकारी खेती प्रविधि, बीउ आलु उत्पादन प्रविधि, लहरे तरकारी वाली खेती प्रविधि,तरकारी वालीको नर्सरी स्थापना तथा ब्यवस्थापन, काउली समूहको तरकारी खेती प्रविधि, प्राङ्गारिक कृषि तथा आई.पि.एम., कम्पोष्ट मलको महत्व तथा बनाउने तरिका, उन्नत करेला खेती प्रविधि, तरकारी वालीमा लाग्ने रोग किरा र त्यसको नियन्त्रण, तरकारी वाली कटाईपछिको क्रियाकलाप, माटो जाँच तथा नमूना लिने तरिका, एकिकृत खाद्य तत्व ब्यवस्थापन र च्याउ खेती लगायत विषयहरु तथा सदस्य दोहोरापनाको बेफाईदा, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने प्रसौनी शाखाका शाखा प्रमुख नन्दुनाथ कवंर योगीले बताएका थिए ।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ कार्त्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ कार्त्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । तरकारी खेती गरी रहेका र गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका प्रसौनी शाखाका प्रमुख नन्दुनाथ कवंर योगीले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी हृदय नारायण महतो सहभागी मन्जु देबीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा तरकारी खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तालिमको संचालन प्रसौनी शाखाका प्रमुख नन्दुनाथ कवंर योगीले गरेका थिए ।